# सार्वजनिक शिक्षाको रूपान्तरणका लागि

# मैवाखोला घोषणापत्र-२०८१

प्रस्तावना

यस मैवाखोला गाउँपालिकाको मिति २०८१ जेष्ठ १८-१९ गतेसम्म संचालन भएको वृहत शिक्षा सम्मेलन २०८१ का क्रममा उठान भएका चासो, चिन्ता र बहस भएका विषय र सवाललाई स्थानीय सरकारका पदाधिकारी र विज्ञ समुहसहितको टोलिले संश्लेषित गरी दिगो विकास लक्ष्य, नेपालको संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धि प्रावधान, स्थानीय सरकारलाई प्रदत्त गरिएका अधिकारक्षेत्र र गाउँपालिकाको आवधिक योजनाको अधिनमा रहि सार्वजनिक शिक्षाको रूपान्तरणका लागि मैवाखोला घोषणापत्र-२०८१ जारी गरेका छौं ।

१. मैवाखोला गाउँपालिकामा शिक्षाको रूपान्तरण र विकासलाई पहिलो प्राथमिकतामा राखि शिक्षामा नमूना पालिकाको रूपमा विकसित गरिनेछ ।

२. गाउँपालिकामा सार्वजनिक शिक्षाको सुदृढिकरण तथा निरन्तर नवप्रवर्तनको पक्षमा व्यापक जनमत निर्माणको साथै सम्बन्धित पक्षहरूसँग सहकार्य गरिनेछ ।

३. शिक्षाको विकासका लागि २५ वर्षको सोचपत्र र हरेक ५ वर्षमा पूनरावलोकन हुने गरी रणनीतिक योजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।

४. विद्यालयबाहिर रहेका बालबालिकालाई अनिवार्य विद्यालयमा ल्याउन र टिकाउन विशेष पहल गरिनेछ ।

५. सर्वसाक्षर पालिका निर्माणका साथै विभिन्न पेशागत समुहका व्यक्तिहरूका लागि आजिवन सिकाइ लगायत अन्य आवश्यक विषयहरूमा ज्ञान, सिप, धारणा विकासको निम्ति अनौपचारिक शिक्षाको रणनीति तथा कार्यक्रम निर्माण गरी संचालन गरिनेछ ।

६. सीमान्तकृत, दलित, जनजाति तथा पछाडी पारिएका समुदाय तथा विपन्न, असहाय, अपांगता भएका बालबालिकालाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन र उच्च शिक्षाका निम्ति विशेष सहयोग कार्यक्रम तय गरिनेछ ।

७. सवै विद्यालयको पूर्वाधार र भौतिक आवश्यकताको कार्य योजना बनाइ बालमैत्री र अपाङ्गमैत्री वातावरण सिर्जना गर्दै सोहि अनुरुपका सिकाइ सामाग्रीको प्रयोगमार्फत पठनपाठन गरिनेछ ।

८. विद्यालयमा कुनै पनि प्रकारको दलगत राजनीति प्रवेश गराइने छैन ।

९. विद्यालयलाई शान्तिक्षेत्रको रूपमा विकास गरिनेछ ।

१०. हरेक विद्यालयमा वालसंरक्षण नीति अवलम्बन, वालक्लव गठन तथा परिचालन गरी हिंसामुक्त विद्यालय बनाइनेछ ।

११. विश्वका विभिन्न क्षेत्रमा प्रभावकारी रहेका नविनतम शिक्षण पद्धतिको खोजि तथा सिकाइ अनुकुलनका साथै नेपालकै सिकाइ परम्पराका रहेका प्रगतिशील शिक्षण पद्धतिको विरासतमा परिवेश सुहाउँदो व्यवहारिक र प्रयोगात्मक शिक्षण पद्धति अवलम्बन गरीनेछ ।

१२. पालिकाको शिक्षा क्षेत्रमा आइरहने समस्याको पहिचान, प्राथमिकिकरण र समाधानको उपायको खोजि गर्न सम्बन्धित सवै सरोकारवालाहरूलाई संलग्न गराइ सहभागितामुलक परिवेश विश्लेषण गरिनेछ ।

१३. जनशक्ति विकास तथा व्यवस्थापनमा पालिकालाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन आवश्यक मानवस्रोतको प्रक्षेपण गरी सोहि अनुरूप उत्पादन गर्ने गरी रणनीति अवलम्बन गरिनेछ ।

१४. पालिकाको शिक्षा शाखाको सुदृढिकरण गरी शिक्षाको गुणस्तर सुधारमा एकिकृत परिचालनको रणनीति अवलम्बन गरिनेछ ।

१५. माध्यामिक विद्यालयको (९-१२ तह) देखि नै अनुसन्धान र नवप्रवर्तन (Research & Innovation) र प्रयोगात्मक शिक्षामा विद्यार्थीलाई संलग्न गराइनेछ । विद्यालयमा अध्ययन अनुसन्धान क्लव गठन गरि नवप्रवर्द्धनात्मक कार्यमा लगाइनेछ ।

१६. सबै विद्यालयमा सूचना प्रविधिको प्रयोग, कम्प्युटर ल्याव स्थापना, इ– लाइब्रेरी सञ्चालन गर्न उपयुक्त शिक्षक तालिम सहितको स्मार्ट कक्षा सञ्चालन गरिनेछ ।एक विद्यालय एक पुस्तकालयको व्यवस्थापनमा सहयोग गरिनेछ । विज्ञान ल्याव, गणित ल्याव र सामाजिक ल्याव निर्माण गरिनेछ ।

१७. जीवन उपयोगी तथा व्यवहारिक सिकाइमा जोड दिदैं बिद्यालय छोड्ने दरलाई शुन्यमा झार्ने, भर्नादर सतप्रतिशतमा पुर्‍याउने, अभिभावकहरुमा सचेतना एवम् सहयोगका माध्यमबाट विद्यार्थीहरुको दैनिक उपस्थिति दर बढाइनेछ । भर्ना अभियानमा बाल क्लब, अभिभावक तथा नागरिक समाजसमेतलाई सहभागिता गराइनेछ ।

१८. गाउँपालिका स्तरीय परीक्षा बोर्ड गठन गरी मुल्याङ्कन तथा परीक्षा प्रणालीलाई वैज्ञानिक बनाउँदै विश्वसनियता र स्तरीयताको प्रवर्द्धन गरिनेछ ।

१९. गाउँपालिका स्तरीय विषयगत समिति गठन गरि बर्षको एकपटक बैठक तथा छलफल र नियमित रूपमा इ-नेटवर्किङ गर्ने र वर्षको एक पटक विषयगत कार्यशाला आयोजना गरिनेछ ।

२०. विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमको संचालनका लागि पालिकासापेक्ष नीति अख्तियार गरिनेछ ।

२१. समुदायको परिवेश, आवश्यकता र मापदण्डका आधारमा विद्यालय ग्रेड वृद्धि वा घटाउने, गाभ्ने र पूनःनक्साङ्कन कार्य गरिनेछ ।

२२. मातृभाषाको संरक्षण तथा प्रवर्द्धन, माध्यम-भाषा नेपालीमा पारंगत तथा अन्य विषयको पठनपाठन अंग्रेजी भाषामा गराइनेछ ।

२३. स्थानीय पाठ्यक्रममा स्थानीय भूगोल, इतिहास र संस्कृतिका साथै परम्परागत सिप, कला र प्रविधिको खोज तथा अनुसन्धानलाई समावेश गरिनेछ ।

२४. परम्परागत ज्ञान, सीप र प्रविधिलाई स्तरोन्नति, व्यवसायीकरण र डिजिटलाइजेशन गराइ विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्तालाई सहयोग गरिनेछ ।

२५. विद्यालयमा महिला शिक्षकको अनुपातमा अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

२६. पेशागत दक्षतामा निपुणता ल्याउदै शिक्षण पद्धति र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका लागि समयसापेक्ष र प्रविधिमैत्री प्रवोधिकरण-कार्यशाला तथा तहगत विषयगत तालिम प्रदान गर्न पालिका स्तरमा समेत प्रभावकारी स्रोत सामग्री तयार गरी कार्यान्वयन गरिनेछ ।

२७. सवै सरोकारवालाको निम्ति शिक्षा क्षेत्रको आचारसंहिता निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ ।

२८. शिक्षालाई अनिवार्य र निःशुल्क बनाइ उच्च शिक्षामा समावेशी नीति अन्तर्गत पछाडी पारिएका समुदायलाई उच्च शिक्षामा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२९. पालिकाभित्र शिक्षक अभावको विद्यमान समस्याको समाधानका लागि सम्बन्धित विषयको शिक्षक उत्पादन गर्ने कार्यक्रम ल्याइनेछ ।

३०. व्यावसायिक तथा प्राविधिक धारका विद्यार्थीलाई कम्तीमा ३ देखि ६ महिनाको स्वयंसेवक शिक्षण वा सम्बन्धित क्षेत्रको काम गर्ने कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

३१. पालिकास्तरमा वर्षको १ पटक शिक्षाको अवस्था प्रकाशन, आवधिक रूपमा इ-बुलेटिन र हरेक विद्यालयमा कम्तिमा १ पटक शैक्षिक बुलेटिन प्रकाशन गरि विद्यार्थीको क्षमता प्रस्फुटन, शिक्षकको क्षमता अभिवृद्धि र पालिकाको शिक्षा विकासको सवालमा प्रकाशन गरिनेछ ।

३२. सार्वजनिक शिक्षाको महत्व तथा सुदृढिकरण सम्बन्धित शैक्षिक डिस्कोर्ष संचालन गरिनेछ ।

३३. विद्यार्थीलाई दिवा खाजाको व्यवस्थालाई थप प्रभावकारी बनाउन स्थानीय रूपमा उत्पादन हुने अन्न, तरकारी, फलफुल तथा दुग्धजन्य पदार्थलाई प्रोत्साहित गरिनेछ ।पत्रु खाना वा जङ्क फुडलाई विद्यालयबाट पूर्णतः विस्थापन गरिनेछ ।

३४. बालिका शिक्षा तथा किशोरीहरूको स्वास्थ्यलाई मध्यनजर गरेर विद्यालयमा सुरक्षित स्यानीटरी प्याड वितरण लगायतका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी/सदस्य तथा अभिभावकसमेतको लगनशिलता र शिक्षाको विकास तथा रूपान्तरणमा पु¥याएको योगदानको सम्मानार्थ मापदण्ड तयार गरि हरेक वर्ष पुरस्कृत गरिनेछ ।

३६. "शिक्षक, विद्यार्थी तथा अभिभावकसंग जनप्रतिनिधि" कार्यक्रम सुरू गरिनेछ ।

३७. विद्यार्थी अभिमुखिकरण (जीवन वृति परामर्श, लक्ष्य निर्धारण, सामाजिक सद्भाव र एकता सुदृढ गराउन) तथा अभिभावक शिक्षा-सचेतना कार्यक्रम कार्य संचालन गरिनेछ ।

३८. प्राविधिक धार अध्यापन गराउने सामुदायिक विद्यालयको थप सबलिकरण गरिनेछ ।

३९. पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता संचालनमा सहयोग तथा युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्न सहजिकरण गरिनेछ ।

४०. पालिका शिक्षा रणनीति तथा योजना र यस घोषणापत्रको मर्म अनुसार कार्यान्वयनमा सहयोग पुग्ने गरी शिक्षामा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैर-सरकारी, प्राज्ञिक तथा बौद्धिक संघ, संस्थाहरूलाई सिर्जनात्मक सहकार्य र अर्थपूर्ण साझेदारीको निम्ति आमन्त्रण तथा प्रोत्साहन गरिनेछ ।

४१. गुणस्तरिय तथा व्यवहारिक शिक्षा भएनभएको मापनका लागि पालिकाले छुट्टै सुचकहरु निर्धारण गरि आवधिक रुपमा अनिवार्य अनुगमन, मुल्याङ्कन र स्वःमुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

४२. यस घोषणापत्रमा उल्लेख भएका प्रतिबद्धताको आधारमा रणनीति, कार्यनीति, कार्यविधि तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

धन्यवाद ।